नेपाल सरकार

# शिक्षा तथा खेलकुद मन्त्रालय

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः-
चलानी नं.:-

नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

## प्रेस विज्ञप्ति

आज मिति २०८३/०५/३० गतेका दिन शिक्षा तथा खेलकुद मन्त्री माननीय सस्मित पोखरलज्यू र नेपालका लागि संयुक्त अधिराज्य (बेलायत)का राजदूत रब फेनकाबिच सिंहदरबारस्थित मन्त्रालयमा शिष्टाचार भेटवार्ता सम्पन्न भयो।

भेटका क्रममा महामहिम राजदूतले नेपालको शिक्षा तथा खेलकुद क्षेत्रसँगको सहकार्य बेलायतका लागि महत्त्वपूर्ण रहेको र बेलायत सरकारबाट भइरहेको सहयोग तथा सहकार्यलाई निरन्तरता दिने प्रतिवद्धता व्यक्त गर्नुभयो। रसुवा भोटेकोशी बाढीबाट प्रभावित क्षेत्रका विद्यालयका शिक्षकको पेसागत विकासको क्षेत्रमा ब्रिटिस काउन्सिलमार्फत सहकार्यका लागि छलफल भइरहेको र नेपालले सामना गरिरहेको जलवायुजन्य विपद्को समयमा बेलायत सरकार नेपाल सरकारको साथमा रहेको बताउनुभयो।

माननीय मन्त्रीज्यूले विद्यालय शिक्षाको सुधारका लागि महत्त्वपूर्ण नीतिगत दस्तावेजका रूपमा रहेका विद्यालय शिक्षा विधेयक तयारी तथा राष्ट्रिय पाठ्यक्रम प्रारूप परिमार्जनको काम भइरहेको बताउनुभयो।

अन्त्यमा, बेलायतले नेपालको शिक्षा तथा खेलकुदका क्षेत्रमा पुऱ्याउँदै आएको सहयोग प्रति आभार व्यक्त गर्दै माननीय मन्त्रीज्यूले मन्त्रालयले अघि सारेका शिक्षा क्षेत्र सुधारका विषयमा उपयुक्त सन्दर्भमा बेलायत सरकारसँग सहकार्य गर्न मन्त्रालय तयार रहेको उल्लेख गर्नुभयो। साथै यस क्षेत्रमा बेलायत सरकारसँगको सहकार्यलाई आगामी दिनमा निरन्तरता दिने विश्वास व्यक्त गर्नुभयो।

श्रीप्रसाद भट्टराई
प्रवक्ता एवम् सहसचिव

मितिः २०८३/०५/३०
नेपाल संवत् ११४६